# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रिय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ चैत २४ गते

### आगजनी एवम् तोडफोड बन्द गर

एनेकपा माओवादीसहितको ३० दलीय मोर्चाद्वारा आयोजित तीन दिने आमहड्तालको आयोगले अनुगमन गरेको छ । अनुगमनबाट आमहड्तालको पहिलो दिन चैत २४ गते मुलुकको जनजीवन प्रभावित बन्न पुगेको पाइएको छ । काठमाडौँको बिजुली बजार, भोजपुरलगायतका स्थानमा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको छ । प्रदर्शनकारीहरूबाट काठमाडौँमा निजी टचाक्सी र मोटरसाइकलमाथि आगजनी भएको पाइएको छ । त्यसै गरी जनकपुर, मोरङ, कञ्चनपुर र सुर्खेतमा निजी मोटरसाइकलमा बन्दकर्ताहरूले आगजनी गर्नुका साथै खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय धनुषाको कार्यालयमा तोडफोड गरेका छन् । बन्दकर्ताहरूले कार्यालय प्रमुखको कोठामा रहेका सरसामानमा क्षति पुऱ्याएका छन् । त्यस्तै कार्यालय परिसरमा रहेको बा १ भ ५३१४ नं.को कार्यालयको टोयोटा पिकअप गाडी फुटाइएको पाइएको छ ।

लोकतन्त्रमा कुनै पनि राजनीतिक दल, सङ्घसंस्था वा विरोधकर्तालाई आफ्ना विरोधका कार्यक्रम सञ्चालन गर्न पाउँने अधिकार भए पनि यस प्रकारका गतिविधि प्रजातान्त्रिक विधि, पद्धति एवम् शान्तिपूर्ण तरीकाबाट अवलम्बन गर्नुपर्दछ । बन्दहड्तालको क्रममा प्रदर्शनकारीहरूबाट निजी सवारी साधनमाथि भएको आगजनी र तोडफोडप्रति आयोगको ध्यानकर्षण भएको छ । नेपालको अन्तरिम संविधान, २०६३' धारा १२ (च)-ले कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने नागरिकको स्वतन्त्रतालाई सुनिश्चित गरेको छ । नागरिकका आधारभूत अधिकारहरू हनन हुने भएकोले यसप्रति सम्बन्धित पक्षलाई सचेत र जिम्मेवार बन्न र यस्ता क्रियाकलापहरू सधैँका लागि बन्द गर्न आयोग सरोकारवालाहरूको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org